# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ
कोशी प्रदेश, नेपाल

**सुन्दरहरैंचा नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत शितगृह संचालनका लागि ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना**

( दोस्रो पटक प्रकाशित मिति २०८२/०२/०७ गते)

यस नगरपालिकाले आ. व. २०८१/०८२ मा लागि आन्तरिक आय ठेक्का मार्फत बन्दोबस्त गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा २ (घ) बमोजिम यस कार्यालयको मिति २०८२/०२/०४ गतेको निर्णयानुसार शित भण्डार गृह संचालनकालागि शिलवन्दी दरभाउपत्र आव्हानको सूचना।

**तपशिलः**

| क्र.सं. | ठेक्का नम्बर | ठेक्काको नाम | क्षेत्र | ठेक्का रकम (मू.अ.क. वाहेक) |
|---|---|---|---|---|
| १ | राजश्व १५/०८१/८२ | शितभण्डार गृह संचालन सम्वन्धी। | सुन्दरहरैंचा नगरपालिका वडा नं. ७ मा निर्माण भएको शिभभण्डार गृह। | प्रतिवर्ष रु. ३,००,०००।०० अक्षेरेपी तिनलाख हजार मात्र। |

**शर्तहरुः-**

१. शिलवन्दी दरभाउपत्र फाराम दस्तुर रकम रु. १०००/- अक्षेरुपी तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०६०१५०११४७६३०१४६ मा जम्मा गरी सोको सक्कलै भौचर वा नगरपालिकाको कार्यालयमा रहेको राजश्व शाखामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

२. ठेक्काको अवधि आ.व.०८१/८२ मा सम्झौता भएको मिति देखि ३ वर्ष सम्म मात्र हुनेछ।

३. शिलवन्दी दरभाउपत्र पेश गर्दा व्यक्ति भए शिलवन्दी दरभाउपत्र खरिद गरेको रकम खुल्ने भौचर स्थाई लेखा नम्वर नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित शिवन्दी दरभाउपत्र फारम भरी पेश गर्नु पर्ने तथा फर्म वा कम्पनी भए आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भ्याट/पान दर्ता प्रमाण पत्र, फर्म दर्ता प्रमाणपत्र, शिलवन्दी दरभाउपत्र खरिद गरेको रकम खुल्ने भौचर, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रका साथ कबोल अंकको ५ प्रतिशतले नघट्ने गरी धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ।

४. शिलवन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थानः
   - क) मितिः २०८२/०२/१३ गते।
   - ख) समयः दिनको ५.०० बजे। (कार्यालय समय भित्र)।
   - ग) स्थानः सुन्दरहरैँचा नगरपालिकाको कार्यालय विराटचोक, मोरङ।

५ शिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थानः
   - क) मितिः २०८२/०२/१४ गते।
   - ख) समयः दिनको १२.०० बजे।
   - ग) दरभाउपत्र खोलिने मितिः २०८२/०२/१४ गते दिनको १.०० बजे।
   - घ) स्थानः सुन्दरहरैँचा नगरपालिकाको कार्यालय विराटचोक, मोरङ।

६ शिलवन्दी दरभाउपत्र पेश गर्दा यसै सूचनाको बुँदा नं. ३ मा उल्लेख भएका कागजातहरु सहित पेश गर्नुपर्नेछ।

७ यदी सुचनामा कुनैपनी प्रकारको संसोधन गर्नुपरेमा सुन्दरहरैँचा नगरपालिकाको वेवसाईड www.sundarharaichamun.gov.np मा सूचना प्रकासन गरिनेछ।

८ शिलवन्दी दरभाउपत्र खोल्दा दरभाउपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्र खोल्ने समयमा प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र खरिद गर्ने वा खोल्ने अन्तिम दिंन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुल्ला भएको दिन १:०० बजे दरभाउपत्र खोलिने छ।

९ कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ। दरभाउपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१० सम्झौता अवधी ३ वर्षको हुनेछ आगामी आ.व.हरुकालागि यस आ.व.मा सम्झौता भएको कवोल अंकमा प्रति वर्ष १० प्रतिशतका दरले कवोल अंक वृद्धि हुँदै जानेछ र तोकिएको अंक प्रत्येक आर्थिक वर्षको श्रावण महिना भित्र कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ।

११ शितभण्डार गृह संचालनका क्रममा भण्डारण गरि राखिएका मालवस्तुको विमा ठेकेदारले गर्नुपर्नेछ अन्यथा भण्डारण गरिएका मालवस्तुको कुनै कारणले हानिनोक्सनी हुन गएमा सो को क्षतिपुर्ती ठेकेदार स्वयमले वेहोर्नुपर्नेछ।

१२ शित भण्डार गृह संचालनको क्रममा प्रयोग भएको पानी तथा विजुलीको महशुल तिर्ने जिम्मा ठेकेदारको हुनेछ साथै शितभण्डार गृह संचालनको क्रममा प्रयोग भएको पानी विजुलीको विल बमोजिमको महशुल समयमा भुक्तानी नगरेमा कार्यालयले जुनसुकै वेला सम्झौता रद्द गर्नसक्नेछ।

१३ शित भण्डार गृहमा रहेका मेसिनरी औजारहरुको संरक्षण तथा मर्मत सम्भार गर्ने जिम्मा ठेकेदारको हुनेछ। शितभण्डार गृह तथा सो मा प्रयोग भएका मेसिन औजारको सुरक्षावापत कुल निर्माण लागतको कम्तिमा ५ प्रतिशतले हुन आउने रकम रु. ७,७०,०००।०० अक्षेरेपी सातलाख सत्तरीहजार रुपैंया र पानी विजुली महसुलको सुरक्षण वापतको रकम रु. ५,००,०००।० अक्षेरेपी पाँचलाख गरि जम्मा रु. १२,७०,०००।०० बाहलाख

विनोद कुमार न्योपाने
प्रमुख प्रशासकीय अधिकृत

सत्तरीहजार बरावरको आर्थिक वर्ष ०८४/८५ असार मसान्त सम्म म्याद भएको नेपाल राष्ट्र बैंकवाट मान्यताप्राप्त बैंकबाट जारी भएको सक्कलै बैंक जमानत पेश गर्नुपर्नेछ ।

१४ कवोल अंक यस कार्यालयको नाममा कृषी विकस वैंक शाखा कार्यालय विराटचोकमा रहेको खाता नं. ०६०१५०११४७६३०१४६ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयको राजश्व शाखामा नगदै जम्मा गरेको नगदी रसिद तथा कबोल अंकको हुन आउने १३% भ्याट रकम सम्झौता अगावै अन्तरिक राजश्वको कार्यालायमा दाखिला गरेको सक्कलै बैंक भौचर/कागजात/प्रमाण पेश गर्नु पर्नेछ ।

१५ ठेक्का सम्झौता गर्ने व्यक्ति, फर्म वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन ।

१६ बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक र मानवीय विपद्का कारण सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, फर्म र कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन ।

१७ एउटा व्यक्ति वा फर्म वा कम्पनीले खरिद गरेको दरभाउपत्र अर्को व्यक्ति वा फर्म वा कम्पनीले प्रयोग गर्न पाउने छैन ।

१८ यो सूचनामा उल्लेख भएका बिषयहरु यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानुन तथा सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय तथा सम्झौतामा भएका शर्त बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत